# प्रदुषण रोकथाम तथा नियन्त्रण नियमाबली, २०७५

**<u>प्रस्तावना</u> :**
इटहरी उपमहानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका घरेलु, साना, मझौला र ठूला उद्योगहरु वातावरण संरक्षण नियमावली, २०५४ (२०५६ संशोधन सहित) को अनुसूची ७ मा पर्ने ५५ किसिमका उद्योगहरुको प्रदुषण नियन्त्रण तथा रोकथाम कार्य सम्पादन गर्न प्रशासकीय (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी इटहरी उपमहानगरपालिकाले यो नियमाबली बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**
(१) यो नियमाबलीको नाम " **प्रदुषण रोकथाम तथा नियन्त्रण नियमाबली, २०७५**" रहेको छ।
(२) यो नियमाबली तुरुन्त प्रारम्भ हुनेछ ।
(३) यो नियमाबली इटहरी उपमहानगरपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमाबलीमा,

(क) "प्रमुख" भन्नाले इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "प्रदुषण नियन्त्रण प्रमाण पत्र" भन्नाले वातावरण संरक्षण नियमावली, २०५४ ( २०५६ संशोधन सहित) को अनुसूची ७ मा पर्ने ५५ किसिमका उद्योगहरुलाई दिने प्रमाण पत्र सम्झनु पर्छ ।

(ङ) "शाखा भन्नाले नगरपालिकामा वातावरण शाखा सम्झनु पर्छ ।

(च) "प्राविधिक कर्मचारी" भन्नाले नगर कार्यपालिकाले औद्योगिक प्रदुषण सम्वन्धि काम गर्नका निम्ति जिम्मेबारी प्राप्त प्राविधिक कर्मचारीलाई सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ज) "कार्यालय" भन्नाले इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ सो शब्दले वडा समितिको कार्यालयलाई समेत जनाउनेछ ।

(झ) "उद्योग बर्गीकरण" भन्नाले उद्योग ऐन, २०७३ को दफा १५ बर्गीकरण गरेको घरेलु, साना, मझौला र ठूला बर्गका उद्योग सम्झनु पर्छ ।

इटहरी उपमहानगरपालिका

क्षेत्रको अध्ययन गरी यस्तो फोहरमैला आफैले हटाउनु पर्ने वा नपर्ने राय सम्वन्धमा आफ्ना् राय सहित वातावरण समितिमा ७ दिन भित्र प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) वातावरण समितिले प्राप्त प्रतिवेदन पुनरावलोकन गरी आफ्नो राय सुझाव सहित ७ दिन भित्र नगरपालिकामा पठाउनु पर्नेछ ।

(३) नगरपालिकामा वा शाखाले वातावरण समितिको राय सुझाव समेत संलग्न गरी तयार गरिएको प्रतिवेदन ७ दिन भित्र अन्तिम निर्णय कार्यान्वयनको लागि इटहरी उपमहानगरपालिकामा पेश गर्नु पर्नेछ ।

(४) इटहरी उपमहानगरपालिकाले दुई हप्ता भित्र सो प्रतिवेदन र निर्णय दिनु पर्नेछ ।

(५) इटहरी उपमहानगरपालिकाले अन्तिम प्रतिवेदनबारे सूचना पाटीमा सूचना टाँस गरी सरोकारवालाहरुलाई जानकारी दिनुपर्नेछ ।

(६) इटहरी उपमहानगरपालिकाबाट निर्णय भएको दुई हप्ता भित्र स फोहोरमैला नगरपालिकाले हटाउने व्यवस्था गर्नु पर्नेछ ।

(७) नगरपालिकाले फोहोरमैला हटाउँदा लागेको फोहरमैला हटाउँदा उत्पन्न भएको जोखिम र क्षति वापतको रकम सो खर्च काम गरे वापतकोमा थप २५ प्रतिशत रकम त्यस्तो फोहोर मैला निष्कासन गर्ने व्यक्ति, संस्था वा उद्योगसँग प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

**१०. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने</u>:** इटहरी उपमहानगरपालिकाले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**११. <u>यसै नियमाबली बमोजिम हुने</u>:** नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगहरु सम्वन्धी सम्पूर्ण काम कारवाही यसै नियमाबली बमोजिम हुनेछ ।

**१२. <u>खारेजी र बचाउ</u>:** यो नियमाबली लागु हुनभन्दा अगाडि प्रचलित कानून बमोजिम भए गरेका प्रदुषण नियन्त्रण प्रमाण पत्र सम्वन्धी सम्पूर्ण काम कारवाही यसै नीयमाबली बमोजिम भएको गरेको मानिनेछ ।

इटहरी उपमहानगरपालिका

